प्रदेश सरकार
प्रदेश नं. २, नेपाल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

फोन नं. ०५५-५४०२१०

# डिभिजन वन कार्यालय रौतहट

पत्र संख्याः-
चलानी नं.:-

साल जातको चिरानी काठ कडी ३'X४'X९" को १४ थानको १०.५ क्यू.फिट काठ बरामद गरेको हुँदा आवश्यक कारवाहीको लागी बरामदी मुचुल्का पाना-२ जिम्मेवारी भर्पाई पाना थान-१ यसै प्रतिवेदन साथ संलग्न राखी श्रीमान् समक्ष पेश गरेका छौं भनी स.व.अ.श्री सुरेश प्रसाद महतो समेतको प्रतिवेदन प्राप्त हुन आएकोले जाँचबुझ तथा अनुसन्धान कार्यको लागी निज स.व.अ.लाई नै खटाईएको ।

- मिति २०७८/२/२५ गते बिहान ८:०० बजेको समयमा धनसर स डि.व.का. रौतहटबाट खटिगएको गस्ती टोलीले वनजंगल टुर गस्ती गर्दै जाँदा पुर्व : भुलनटार, पश्चिम : धनसर खोला, उत्तर : अरुण बस्ती र दक्षिण : राष्ट्रिय वन यति चार किल्ला भित्रको राष्ट्रिय वनमा काठ तस्करहरुले पानी परेको मौकाछोपी रातविरातको समयमा साल जातको रुख काटी ढाली टुनटुक्रा पारी केही गोलिया काठ घटनास्थलमै रहेको र ३ (तीन) थान गोलिया काठ टायरगाडामा लगेको र सोही टायरगाडाको चक्काको लिक पछ्याउदै जाँदा विच जंगलकै बाटोमा १ थान गोलिया अनलोड गरी बाँकी अरु गोलिया अरुण बस्तीको फिल्ड माथी झाडीमा लुकाइ छिपाई राखेको अबस्थामा फेला पारी गाउँको नजिक विगो रहेकोले चोरी नोक्सानी हुने प्रवल सम्भावना रहेकोले उक्त वरामद साल जातको गोलिया थान ६ को ५४.४१ क्यू.फिट काठ डि.व.अ.ज्यू.को मौखिक आदेशमा घाटगद्दी गरी यस घटनामा संलग्न अपराधीहरुलाई पत्ता लगाउने कार्य जारी राखी स्थलगत प्रकृति मुचुल्का बनाई आवश्यक कार्यवाहीको लागी मुचुल्का पाना- २ (दुई) र काठको जिम्मा जवानी भर्पाई पाना थान-१ गरी जम्मा ३ (तीन) पाना यसै प्रतिवेदन साथ पेश गरेको व्यहोरा अनुरोध छ भनी स.व.अ.श्री नवनीत मिश्र समेतको प्रतिवेदन प्राप्त हुन आएकोले जाँचबुझ तथा अनुसन्धान कार्यको लागी निज स.व.अ.लाई नै खटाईएको ।
- विशेष सुराकीको आधारमा मिति २०७८/२/२७ गते राती ११:३० बजेको समयमा वनजंगल गस्ती गर्दै जाँदा रामलाल वृन्दावन साझेदारी वनको पुर्व दक्षिण : बलुवाघाट बाट खोला जाने बाटो, उत्तर : रामपुरघाटको बाटो, पश्चिम : तोरीबारीको लिख यति चार किल्ला भित्र रामपुरघाटबाट टायरगाडा पसेको चिन्ह भेटाई सोही चिन्ह पैलाउदै जंगलमा खोजतलाश गर्दै जाँदा बाटो पश्चिमको जंगलमा खाली टायरगाडा बेवारिसे अबस्थामा रहेको र सोको पश्चिम पट्टी साल जातको २ वटा रुख ढाली गिण्डा पार्ने लागेको गोलियामा आरा नै फसेको छाडेर रॉगा समेत भगाई आफु पनि भाग्नमा चोर तस्करहरु सफल भएकोले उक्त घटनास्थलमा बरामद भएको साल जातको गोलिया थान ५ को ३६.१९ क्यू.फिट काठ, टायरगाडा,बञ्चरो, कोदालो आरा समेत घटनास्थलबाट वरामद गरी बलरी वन पोष्टमा सुरक्षित राखी सोको भर्पाई यसै साथ संलग्न राखी आवश्यक कारवाहीको लागी पेश गरेको व्यहोरा अनुरोध छ। साथै सोही ढालेको रुख छेउमा १ थान सालको पुरानो ढालेको काठ लगिसकेको ठुटा समेत बरामद भएकोले सो समेत नम्बरिङ्ग गरी आवश्यक कार्यवाहीको लागी पेश गरेको छ भनी स.व.अ. श्री सोनफी पासवानको प्रतिवेदन प्राप्त भएकोले सो घटनाको जाँचबुझ तथा अनुसन्धान कार्यको लागी निज स.व.अ.लाई नै खटाईएको व्यहोरा जाहेरीको लागी सादर अनुरोध छ ।